जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

दैनिक

# पूर्वसन्देश

PURBA SANDESH DAILY

purbasandesh.com



## घनचक्करको चक्करमा एकछिन्

बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

१

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर**

विद्युतीय उपकरण (मोवाइल, ट्याब, ल्यापटप) आदिको अधिक प्रयोगले
- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ,
- दिमागमा असर पर्न सक्छ,
- समयमा नसुत्न सक्छन्,
- खानपान तथा दिसापिसाबमा ध्यान नदिन सक्छन्,
- एकान्तमा बस्न मन पराउन सक्छन्,
- झिज्याहट हुन सक्छ,
- साथीहरुसंग घुलमिल नहुन सक्छन्,
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छ,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गता समेत हुनसक्ने भएकोले

**बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं ।**

**नेपाल सरकार विज्ञापन बोर्ड**

❑ वर्ष-२१ ❑ अंक - ९९ ❑ २०८२ चैत्र २३ गते सोमबार ❑ Monday, 06 April 2026 ❑ मूल्य ७ /-

## सुशासन, सुरक्षा र सेवा सुधारमा सरकार

# ७ हजार भन्दा बढि साईट र एप बन्द

**दमक/** सुशासन स्थापना, अपराध न्युनिकरण र विद्युतिय सुशासनलाई प्राथमिकता दिएको सरकारले अनलाईन ठगी नियन्त्रणमा पनि कडा कदम चालेको छ । केहि दिनयता सरकारले सरकारी कार्यालयबाट हुने सेवा प्रवाहलाई सुधार गर्दै विचौलिया निषेध, खाजा समयमा समेत आलोपालो प्रणाली लागु गराएको छ भने विद्युतीय सुशासन स्थापना गर्ने क्रममा सरकारले अनलाइन सट्टेबाजीसँग सम्बन्धित सात हजारभन्दा बढी एप र वेबसाइट बन्द गराएको छ ।

सरकारको शासकीय सुधारसम्बन्धी निर्णय कार्यान्वयनका क्रममा नेपाल दूरसञ्चार प्राधिकरणले 'इन्टरनेट' सेवा प्रदायकसँगको समन्वयमा वेबसाइट र एप बन्द गरेको हो । नेपाल दूरसञ्चार प्राधिकरणका उपनिर्देशक सूर्यप्रसाद लामिछानेका अनुसार अवैध रूपमा सञ्चालनमा रहेका सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइटहरू पहिचान गरी बन्द गर्न इन्टरनेट सेवा प्रदायकलाई निर्देशन दिइएको हो ।

हालसम्म सात हजारभन्दा बढी यस्ता युआरएल र एप बन्द भएको र अनलाइन सट्टेबाजीबारे पछिल्लो एक सातामा प्राधिकरणलाई टेलिफोन, इमेल, म्यासेजलगायत विभिन्न माध्यमबाट ५० भन्दा बढी गुनासा प्राप्त भएको उनले जनाए । मन्त्रिपरिषद्को यही चैत १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमध्ये बुँदा नम्बर ४२ मा सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइट २४ घण्टाभित्र बन्द गर्ने उल्लेख छ । सोही निर्णयअनुसार प्राधिकरणले इन्टरनेट सेवा प्रदायकसँग समन्वय गरी विद्युतीय माध्यममार्फत सञ्चालन भइरहेका सट्टेबाजीसम्बन्धी सबै पहिचान भएका एप तथा वेबसाइट तत्काल बन्द गरेको हो ।

मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ को उपदफा (४) अनुसार कसैले सट्टेबाजी गर्न वा गराउन पाइँदैन । त्यसको उल्लङ्घन गरेमा त्यसमा प्रयोग भएको रकम जफत गरी एक वर्षसम्म कैद तथा रू १० हजारसम्म जरिवाना हुनेछ । त्यसैगरी, विज्ञापन (नियमन गर्ने) ऐन, २०६६ ले जुवा खेल्न वा खेलाउन तथा अनुमति नलिएको चिट्ठा किन्न-किनाउन प्रोत्साहन गर्ने किसिमका विज्ञापन गर्न निषेध गरेको छ । सो विपरीत कसुर गरेमा एक वर्षसम्म कैद तथा रू १० हजारसम्म जरिवाना हुनेछ ।

## चार दिनमा २ सय २६ पक्राउ

प्रहरीले गुण्डागर्दी, बिचौलिया, अभद्र व्यवहारलगायतका गैरकानुनी कार्यविरुद्ध विभिन्न स्थानमा सञ्चालन गरेको खोजी अभियानका क्रममा चार दिनमै दुई सय २६ जना पक्राउ गरेको छ। केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले यही चैत १८, १९, २० र २१ गतेको अभियान अन्तर्गत दुई सय २६ जनालाई पक्राउ गरी कानुनी कारबाही प्रक्रिया थालिएको जानकारी दिए। प्रहरी प्रधान कार्यालयले सार्वजनिक गरेको विवरणअनुसार १८ गते काठमाडौं उपत्यकाबाट ५१ जना, कोशी प्रदेशबाट १८ जना, १९ गते कोशीबाट एक, मधेस प्रदेशबाट सात, बागमतीबाट २३, गण्डकीबाट दुई र कर्णालीबाट ११ जना पक्राउ परेका थिए। यस्तै, २० गते मधेस प्रदेशबाट आठ, गण्डकीबाट १०, लुम्बिनीबाट चार र सुदूरपश्चिम प्रदेशबाट दुई तथा २१ गते काठमाडौं उपत्यकाबाट ६२ जना पक्राउ परेका छन्। प्रहरीका अनुसार पक्राउ पर्नेमा गुण्डागर्दी, बिचौलिया, यातायात तथा मालपोत कार्यालयमा दुःख र हैरानी दिने, सार्वजनिकस्थलमा अभद्र व्यवहार गर्नेलगायतका व्यक्तिहरू छन्। प्रवक्ता काफ्लेले अभियान जारी रहने बताएका छन्।

## सरकारी कार्यालयको समय र बिदा परिवर्तन

**दमक/** सरकारी कार्यालयको समय परिवर्तन भएको छ । आइतबार बसेको मन्त्रिपरिषद् बैठकले कार्यालय समय बिहान ९ बजेदेखि अपराह्न ५ बजेसम्म हुने निर्णय गरेकोहो । यो समय शैक्षिक संस्थाबाहेकका सरकारी कार्यालयका हकमा लागू हुने सरकारका प्रवक्ता एवं शिक्षामन्त्री सस्मित पोखरेलले जानकारी दिए ।

'शैक्षिक संस्थाबाहेक उल्लेखित कार्यालयहरूको कार्यालय समय ९ देखि ५ बजेसम्म कायम गरिएको छ,' उनले भने । यसैबीच, सरकारले सातामा दुई दिन बिदा दिने निर्णय गरेको छ। आइतबार बसेको मन्त्रिपरिषद् बैठकले शनिबार र आइतबार बिदा दिने निर्णय गरेको हो । सरकारी कार्यालयका लागि दुई दिन बिदा दिने निर्णय भएको सरकारका प्रवक्ता सस्मित पोखरेलले बताए। यो व्यवस्था भोलिदेखि नै लागू हुनेछ ।

## एसईई परीक्षा सञ्चालनमा लापरवाही, शिक्षक र निरीक्षक कारबाहीमा

**दमक/** चैत १९ गते बिहीबारदेखि देशभर सञ्चालन भइरहेको माध्यमिक शिक्षा परीक्षा (एसइई) व्यवस्थापनमा गम्भीर लापरबाहीका घटना बढ्दै गएका छन्। अंग्रेजी, नेपाली र अनिवार्य गणित विषयको परीक्षा सम्पन्न भइसकेको अवस्थामा विभिन्न जिल्लाबाट परीक्षा मर्यादाविपरीत गतिविधि सार्वजनिक भएका छन्, जसले परीक्षा प्रणालीप्रति प्रश्न उठाएको छ।

सिरहामा अनुगमनका क्रममा चरम लापरबाही भेटिएपछि दुई केन्द्राध्यक्ष र चार निरीक्षकलाई निष्काशित गरिएको छ। शिक्षा विकास तथा समन्वय एकाइका अनुसार बालमन्दिर मावि र जनता मावि फुलवरिया परीक्षा केन्द्रमा परीक्षा सञ्चालनको क्रममा कमजोरी देखिएपछि सम्बन्धित केन्द्राध्यक्षहरूलाई हटाइएको हो। त्यस्तै चन्द्र मावि र ब्रह्मज्ञान मावि माडरबाट दुई-दुई जना निरीक्षकलाई पनि कारबाही गरिएको छ। अनुगमनका क्रममा १९३ मोबाइल र एक स्मार्टवाच जफत गरिएको जानकारी दिइएको छ। यस्तै जाजरकोटमा पनि चार जना निरीक्षकलाई जिम्मेवारीबाट हटाइएको छ। दीपेन्द्र माध्यमिक विद्यालय परीक्षा केन्द्रमा परीक्षालाई व्यवस्थित र अनुशासित बनाउन नसकेको ठहर गर्दै जिल्ला परीक्षा समन्वय समितिको निर्देशनमा उनीहरूलाई आगामी परीक्षामा खटिन नपाउने निर्णय गरिएको हो।

जुम्लामा भने उत्तरपुस्तिका व्यवस्थापनमै गडबडी भेटिएको छ। दुर्गा मावि लाम्रा केन्द्रका केन्द्राध्यक्ष र एक निरीक्षकलाई पदमुक्त गरिएको छ। हराएको भनिएको उत्तरपुस्तिका पुन: भेटिए पनि गोलमाल तरिकाले व्यवस्थापन गरिएको पुष्टि भएपछि कारबाही गरिएको हो। यसबीच रौतहट र सर्लाहीमा प्रश्नपत्र आउट गरी वाट्सएपमार्फत उत्तर पठाउने कार्यमा संलग्न व्यक्तिहरू पक्राउ परेका छन्। प्रहरीले तीन जनालाई रौतहटबाट बाँकी ४ पेजमा ▸▸

## वैशाख १५ गतेबाट नयाँ शैक्षिक सत्र सुरु

झापा । सरकारले आगामी शैक्षिक सत्र २०८३ वैशाख १५ गतेबाट सुरु गर्ने निर्णय गरेको छ । आइतबार बसेको मन्त्रिपरिषद् बैठकले शैक्षिक सत्र वैशाख १५ गतेबाट सुरु गर्ने निर्णय गरेको सरकारका प्रवक्ता तथा शिक्षामन्त्री सस्मित पोखरेलले जानकारी दिए । यसअघि नयाँ शैक्षिक सत्र वैशाख १ गतेबाट सुरु हुने गरेको थियो।

## किसान सुचीकरण शुरु

**दमक/** कृषि तथा पशुपन्छी विकास मन्त्रालयले रोकिएको पाँच महिनापछि किसान सूचीकरण कार्य शुरू गरेको छ। किसानलाई परिचय-पत्रसहित विभिन्न सेवा सुविधा तथा अनुदान उपलब्ध गराउने उद्देश्यले शुरू गरिएको अनलाइन प्रणालीमा प्रविधिक समस्या आएपछि गएको कात्तिक २५ गतेदेखि सूचीकरण रोकिएको थियो। किसानलाई सूचीबद्ध गर्नका लागि तथा सूचीकृत किसानलाई रासायनिक मल, बीउ, अनुदान, सेवा व्यवस्थापन, सुविधा उपलब्ध गराउने योजना कार्यान्वयन गर्न सूचीकरण महत्त्वपूर्ण रहेको कृषि मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिनुभयो। सूचीकरण हुन बाँकी किसानलाई क्रमशः आवद्ध गर्ने मन्त्रालयको तयारी छ। किसान सूचीकरण पोर्टलमा पालिकासँग समन्वय गरी वास्तविक किसान पहिचान गरेर किसानले खेती गरेको जमिनको क्षेत्रफल, उत्पादित उपजलगायत विवरणसहित एकीकृत तथ्याङ्क सङ्कलन तथा अभिलेख राखिएको छ।

कृषि गणना, २०७८ अनुसार देशभर ४१ लाख ३० हजार किसान रहेकामा अहिलेसम्म २३ लाख ९३ हजार किसान सूचीमा समावेश भएका छन्। कृषि मन्त्रालयअन्तर्गतको बाँकी ४ पेजमा ▸▸

## सभामुख डिपी अर्यालबाट पदभार ग्रहण

**दमक/** प्रतिनिधिसभाका नवनिर्वाचित सभामुख डोलप्रसाद अर्यालले सिंहदरबारस्थित सङ्घीय संसद् सचिवालयमा पदबहाली गरेका छन् । आइतबार अपराह्न राष्ट्रपति रामचन्द्र पौडेलबाट पद तथा गोपनीयताको शपथ लिएपछि उनले सभामुखको कार्यभार सम्हालेका हुन् । उनलाई संसद् सचिवालयका महासचिव पदमप्रसाद पाण्डेयलगायत उच्चअधिकारीले स्वागत गरेका थिए ।

## राष्ट्रिय सभा उपाध्यक्षमा एमालेकी भण्डारी निर्विरोध

**दमक/** राष्ट्रिय सभाको उपाध्यक्षमा नेकपा एमालेकी सांसद लिलाकुमारी भण्डारी निर्विरोध भएकी छन् । उपाध्यक्षको मनोनयन दर्ताका लागि तोकेको समयमा भण्डारीको मात्रै उम्मेदवारी परेको संघीय संसद् सचिवालयका सहप्रवक्ता अनन्त कोइरालाले जानकारी दिए । सचिवालयले उपाध्यक्षका लागि आइतबार साढे २ बजेदेखि साढे ३ बजेसम्म मनोनयन दर्ताका लागि समय छुट्ट्याएको थियो ।

## महान्यायधिवक्तामा कँडेल सिफारिस

**दमक/** सरकारले महान्यायाधिवक्तामा डा. नारायणदत्त कँडेललाई सिफारिस गरेको छ । आइतबार बसेको मन्त्रिपरिषद् बैठकले उनको नाम राष्ट्रपति कार्यालयमा सिफारिस गरेको हो । राष्ट्रपति कार्यालयले उनको नाम सिफारिस भएको आएको पुष्टि गर्दै नियुक्ति प्रक्रिया अघि बढाइएको जनाएको छ ।

## ओली र लेखकको सुनुवाई हेर्दाहेर्दैमा

**दमक/** नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकको बन्दीप्रत्यक्षीकरण निवेदन हेर्दाहेर्दैमा राखिएको छ । आइतबार न्यायाधीशद्वय विनोद शर्मा र बाँकी ४ पेजमा ▸▸

## प्रमुख बिहिन भन्सार, राजश्वमा गिरावट

भद्रपुर/ भद्रपुर भन्सार कार्यालय लामो समयदेखि प्रमुखविहीन बनेको छ । गत मंसिर २९ गतेदेखि प्रमुख भन्सार अधिकृतविहीन बनेको भद्रपुर भन्सार कार्यालयमा राजस्व असुलीबाहेक अन्य दैनिकी कामकाज प्रभावित बनेको छ ।

प्रमुख भन्सार अधिकृत अर्जुन सिटौलाको गत मंसिर २८ गते अनिवार्य अवकाश भएको थियो। भन्सार अधिकृत सिटौला अवकाश पाएको तीन महिना १९ दिन बितिसक्दा पनि भन्सार विभागले अझै पनि प्रमुख भन्सार अधिकृत पठाएको छैन । भन्सार विभागले तत्काल काम चलाउनका लागि निमित्त प्रमुख भन्सार अधिकृतको रूपमा सुब्बा प्रमोद गौतमलाई जिम्मेवारी दिएको छ । सुब्बा गौतम मेची भन्सार कार्यालय काँकडभिट्टाबाट मंसिर १४ गते विभागको निर्णयबमोजिम सरूवा भएर भद्रपुर आएका हुन् ।

भदौ २४ गतेको जेन–जी आन्दोलनको क्रममा आगजनी गरी ध्वस्त बनाइएको यस भन्सारमा प्रमुख भन्सार अधिकृतको लागि पटकपटक विभागसँग माग गरिसकेको निमित्त भन्सार प्रमुख गौतमले बताए । अबको १५ दिनभित्र पठाउने जानकारी प्राप्त भएको उनको भनाई छ ।

उनका अनुसार चालु आर्थिक वर्षको भन्सार लक्ष्य २५ करोड ३ लाख २५ हजार तोकिएको छ। साउनदेखि चैत १७ गतेसम्म ११ करोड ४० लाख ८२ हजार ३ सय ४ रूपैयाँमात्र राजस्व संकलन भएको छ । ९ महिना बित्न लाग्दा आधा पनि लक्ष्य नपुगेको उनको भनाइ छ। गत आर्थिक वर्ष ०८१/०८२ मा पनि लक्ष्य पुगेको थिएन। ३३ करोड १३ लाख रूपैयाँ लक्ष्य राखेकोमा २० करोड ८६ लाख रूपैयाँ उठेको थियो। यो पटक अघिल्लो वर्षको तुलनामा लक्ष्य बाँकी ४ पेजमा ▸▸

## पक्राउ परेकाहरुलाई म्याद थप

**दमक/** सम्पत्ति शुद्धिकरणसम्बन्धी अनुसन्धानका लागि पक्राउ परेका पूर्व मन्त्री दिपक खड्का र व्यवसायी सुलभ अग्रवाललाई म्याद थप भएको छ । खड्कामाथि भइरहेको सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धानका लागि अदालतले थप ७ दिन हिरासत म्याद दिएको छ । चैत १५ गते पक्राउ परेका खड्कालाई काठमाडौं जिल्ला अदालतले आइतबार दोस्रोपटक म्याद थप गरेको हो ।

यसैगरी व्यवसायी सुलभ अग्रवाललाई पाँच दिन हिरासतमा राख्न अदालतले अनुमति दिएको छ । अनुसन्धानका लागि उनलाई पाँच दिन हिरासतमा राख्न अनुमति दिएको काठमाडौं जिल्ला अदालतका सूचना अधिकारी दीपक श्रेष्ठले बताए । सुलभलाई बयानका लागि नियन्त्रणमा लिइएको सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक गजेन्द्र ठाकुरले बताए । अग्रवाल शंकर ग्रुपका सञ्चालक हुन् । उनका बुबा शंकर अग्रवाललाई विभागले रिहा गर्ने निर्णय गरिसकेको छ । यसैगरी, कलाकार सागर लम्साल 'बले'लाई पाँच बाँकी ४ पेजमा ▸▸

## शंकर अग्रवाल रिहा

दमक । शंकर ग्रुपका अध्यक्ष शंकर अग्रवाललाई सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले रिहा गरेको छ । विभागका महानिर्देशक गजेन्द्र कुमार ठाकुरले अग्रवाललाई बयान प्रक्रिया सकिएपछि छाडिएको पुष्टि गरेका छन् । "बयानको काम सकिएपछि उहाँलाई छाडेका हौं," उनले भने । यसअघि शुक्रबार सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धानका क्रममा अग्रवाल पक्राउ परेका थिए । अनुसन्धानका लागि नियन्त्रणमा लिइएपछि उनीमाथि विभागले बयान लिएको थियो ।

## भुकम्पको धक्का

दमक । कास्कीको मिजुरे डाँडा केन्द्रबिन्दु बनाएर भूकम्पको धक्का गएको छ । बिहान ८:३४ बजे भूकम्प गएको हो । राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका अनुसार ३.५ म्याग्निच्युडको भूकम्प गएको हो ।

## १ सय ६३ नेपाली फर्किए

काठमाडौं/ खाडी मुलुकमा युद्ध चर्किए पछि त्यहाँबाट फर्किने नेपालीको संख्या बढेको छ । यसै क्रममा शनिवार हिमालयन एयरलाइन्सको उडानमार्फत पनि१ सय ६३ नेपाली यूएईबाट फर्किएका छन् । त्रिभुवन विमानस्थल कार्यालयका सन्तुष्टकुमार बस्नेतले बाँकी ४ पेजमा ▸▸

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**दमक बहुप्राविधिक शिक्षालय दमक, झापाको**

**हाजिर हुने बारेको ७ (सात) दिने सूचना**

*प्रथम पटक प्रकाशन: २०८२/१२/२३ गते*

साविक मोरङ जिल्ला, महादेवा गा.वि.स. वडा नं. ५ हाल मोरङ जिल्ला, रंजेली नगरपालिका वडा नं.०९ मा बस्ने श्री काद ताजपूरियको नाती, स्व. घिनु ताजपूरियाका छोरा वर्ष ३१ (ना.प्र.न.०५१३७०/०६६४) का श्री अनन्त ताजूरिया यस दमक बहुप्राविधिक शिक्षालय, दमक, झापामा हलुका सवारी चालक पदमा कामकाज गर्दै आउनु भएकोमा मिति २०८२/१२/१५ गते देखि विदा स्वीकृत नगरी तथा बिना जानकारी हाल सम्म ७ (सात) दिन भन्दा बढी अवधि देखि शिक्षालयमा अनुपस्थित रहनु भएकोले यो सूचना प्रकाशन मिति देखि ७ (सात) दिन भित्र यस शिक्षालयमा सम्पर्कमा आउनु हुन सूचित गराईन्छ । अन्यथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् **कार्यालयको सेवा करारमा व्यक्ति छनोट कार्यविधि, २०७८ को परिच्छेद ३ को दफा १० को उपदफा ४(ख) बमोजिम तपाई** र शिक्षालय बिच गरिएको सेवा करारको सम्झौता स्वतः रद्द हुने व्यहोरा समेत सूचित गरिन्छ ।



**नव वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना**

**नव वर्ष २०८३** *सालको आगमनको शुभ अवसरमा देशमा भईरहेको परिवर्तन र सुशासनतर्फको सुरूआतलाई मजबुत बनाउँदै सम्पूर्ण देशबासीहरुमा शान्ति, समृद्धि र अमनचयनको शुभकामना साथै अन्तर्राष्ट्रिय मानवाधिकारको सम्बर्धनको लागि* **एम्नेष्टी इन्टरनेशनल नेपाल समूह-७५** *दमक, झापाको कार्यसमिति तथा सम्पूर्ण सदस्यहरूको तर्फबाट देश विदेशमा रहनु हुने नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा* **हार्दिक मंगलमय शुभकामना** *व्यक्त गर्दछौं ।*

**पदम प्रसाद रेग्मी** (सचिव) *एवम्* **प्रेम बहादुर बस्नेत** (संयोजक)

**अन्तर्राष्ट्रिय मानव अधिकार नेपाल समूह-७५**, दमक, झापा

# सम्पादकीय

## खोला प्रति खेलाँची नगरौं

खोलाबाट जथाभावि ढुंगा,गिटी, रोडा निकाल्दा पर्यावरणमा उच्च जोखिम पर्ने गरेको छ । फेरि ननिकालि पनि हुँदैन । तिव्र रुपमा भई रहेका निजी तथा सार्वजनिक पूर्वाधार निर्माणकाका लागि यस्ता सामाग्रीको उत्खनन् जरुरी पनि छ । तर यसलाई व्यवस्थित र पर्यावरणमैत्री बनाउन जरुरी छ । खोला जन्य सामाग्री स्थानीय सरकारहरुको आम्दानीको मुख्य श्रोत पनि हो । तर कतिपय स्थानीय तहले अझै ठेक्का लगाउन सकेका छैनन् । यसले गर्दा एकातर्फ राजश्व गुमि रहेको छ भने अर्का तर्फ जथाभावी उत्खनन् र चोरी निकाशी पनि भई रहेको छ । यसको नियन्त्रणका लागि दमक नगरपालिकाले लिएको अग्रसरता प्रशंसनीय छ । ठेक्का नलागेको अवस्थामा उत्खनन् हुन नदिने र ठेक्ला लागेको अवस्थामा समेत निर्धारित मापदण्डभित्र रहेर मात्र उत्खनन् गर्न दिने, समय र स्थान तोक्ने, र अनियमितता भएमा कडा कारबाही गर्ने जस्ता कदमहरूले अवैध क्रियाकलापलाई नियन्त्रण गर्न मद्दत पुर्‍याउने छ ।

खोलाबाट जथाभावी ढुंगा, गिटी र रोडा उत्खनन् गर्ने प्रवृत्तिले वातावरणमा गम्भीर असर पारिरहेको छ । नदीको प्राकृतिक बहाव परिवर्तन हुनु, किनार कटान बढ्नु, जैविक विविधता नष्ट हुनु र भू-क्षयको जोखिम बढ्नु जस्ता समस्या दिनप्रतिदिन तीव्र बन्दै गएका छन् । यद्यपि तीव्र रूपमा भइरहेको निजी तथा सार्वजनिक पूर्वाधार निर्माणका लागि यस्ता निर्माण सामग्री अनिवार्य भएकाले उत्खनन् पूर्ण रूपमा रोक्न सम्भव छैन । त्यसैले यसको व्यवस्थापन र नियमन नै अहिलेको मुख्य आवश्यकता बनेको छ ।

अर्का तर्फ हेर्दा, खोला जन्य सामग्री स्थानीय तहहरूको महत्वपूर्ण आम्दानीको स्रोत पनि हो । व्यवस्थित रूपमा ठेक्का लगाई उत्खनन् गर्दा स्थानीय सरकारलाई राम्रो राजश्व प्राप्त हुन्छ, जसले विकास निर्माणमा सहयोग पुर्‍याउँछ । तर कतिपय स्थानीय तहहरूले अझैसम्म समयमै ठेक्का प्रक्रिया अगाडि बढाउन सकेका छैनन् । यसको परिणामस्वरूप एकातर्फ ठूलो मात्रामा राजश्व गुमिरहेको छ भने अर्कोतर्फ अवैध उत्खनन्, चोरी निकासी र अनियन्त्रित दोहन बढ्दै गएको छ । यसले वातावरणीय सन्तुलन मात्र होइन, सुशासनमा पनि प्रश्न उठाएको छ ।

खोला जन्य सामग्रीको उत्खनन् आवश्यक भए पनि त्यसलाई वैज्ञानिक, पारदर्शी र वातावरणमैत्री बनाउनु अपरिहार्य छ । दिगो विकासका लागि प्राकृतिक स्रोतको संरक्षण र सदुपयोगबीच सन्तुलन कायम गर्नु नै आजको प्रमुख चुनौती र जिम्मेवारी हो । खोलाको सामान त हो नि, त्यसै बगाएर ल्याएको जति र जसरी पनि निकाले हुन्छ भन्ने चिन्तन त्याग्न जरुरी छ । त्यसैले खोलामा हुने अनियन्त्रित उत्खनन्ले दिर्घकालमा निम्त्याउन सक्ने खतरा प्रति बेलैमा सतर्कता अपनाउन भने आवश्यक छ ।

## ५ सय बढि रुख काटिने

**धनकुटा/** जिल्ला विपद् व्यवस्थापन समिति धनकुटाले जिल्लाका विभिन्न स्थानमा हावाहुरीको जोखिममा रहेका रूख हटाउने निर्णय गरेको छ । जिल्ला प्रशासन कार्यालय धनकुटामा बसेको समितिको बैठकले कोशी राजमार्ग अन्तर्गत धनकुटा-हिले खण्ड, सरकारी कार्यालय परिसर तथा आवासीय क्षेत्रमा रहेका ५ सय ३१ वटा जोखिमयुक्त रूख हटाउने निर्णय गरेको हो ।

डिभिजन वन कार्यालय धनकुटाले पहिचान गरी लगत तयार पारेका ती रूखहरु सल्लेरी राष्ट्रिय वन, कोशी राजमार्ग आसपास, नेपाली सेनाको भीमदल गण, २ नम्बर बाहिनी अया हिले, जिल्ला आयुर्वेद उपचार केन्द्र तथा लोकसेवा आयोगलगायत क्षेत्रमा रहेका छन् । समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काका अनुसार वन क्षेत्रभन्दा बाहिर चौतारा, बिसौना, सडक किनार, पानीका मुहान, धार्मिक स्थल तथा अन्य सार्वजनिक स्थानमा रहेका जोखिमयुक्त रूख तत्काल नहटाए जनधनको क्षति हुन सक्ने भएकाले नियमअनुसार हटाउने निर्णय गरिएको हो । जोखिमयुक्त रूखहरूको विवरण डिभिजन वन कार्यालयका सहायक डिभिजनल अधिकृत धर्मनाथ यादवले बैठकमा प्रस्तुत गरेका थिए । वन क्षेत्रबाहिरका सरकारी तथा संस्थागत परिसरमा रहेका यस्ता रूख हटाउन वन सेवाका प्राविधिकबाट मूल्यांकन गराई सम्बन्धित कार्यालय प्रमुखको संयोजकत्वमा स्थानीय तह र नापी कार्यालयका प्रतिनिधि सम्मिलित समितिको सिफारिस आवश्यक पर्ने व्यवस्था रहेको छ ।

डिभिजन वन कार्यालय धनकुटाका सहायक डिभिजनल वन अधिकृत धर्मनाथ यादवले सम्बन्धित कार्यालय र तहको सिफारिसमा जोखिमयुक्त रूख यकिन गरी मूल्यांकन गरेर कटान आदेश दिने बताए । गत चैत २ को राति आएको हावाहुरीका कारण धनकुटामा सडक, सार्वजनिक कार्यालय र निजी आवास क्षेत्रमा रहेका रूख ढल्दा ठूलो भौतिक क्षति भएको थियो ।

## पौवादुङ्मामा कर सेवा

**भोजपुर/** भोजपुरको पौवादुङमा गाउँपालिकामा करसम्बन्धी सेवा औपचारिक रूपमा शुभारम्भ गरिएको छ। जिल्ला करदाता सेवा कार्यालय हटेपछि स्थानीय नागरिकलाई सहज, छिटो र प्रभावकारी सेवा उपलब्ध गराउने उद्देश्यले गाउँपालिकाले आन्तरिक राजस्व कार्यालय धरानसँगको सहकार्यमा सेवा सुरु गरेको हो। संघीय सरकारको गत असोज १७ गतेको निर्णयअनुसार साविक करदाता सेवा कार्यालय, भोजपुरबाट प्रदान हुँदै आएका केही सेवा अब स्थानीय तहबाटै उपलब्ध गराउन सेवा सुचारु गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले जानकारी दिए। गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बसोबास गर्ने प्राकृतिक व्यक्तिलाई व्यक्तिगत स्थायी लेखा नम्बर जारी गर्नेछ भने स्थानीय तहमा दर्ता भएका व्यवसाय तथा निकायलाई व्यवसायिक स्थायी लेखा नम्बर उपलब्ध गराउने उनले जनाए।

यस्तै, मूल्य अभिवृद्धि कर दर्ताका लागि आवश्यक कागजात सङ्कलन गरी सम्बन्धित कार्यालयमा सिफारिस गर्ने, अन्त:शुल्क इजाजतपत्रसम्बन्धी प्रक्रिया सहजीकरण गर्ने, कर चुक्ता प्रमाणपत्रका लागि सिफारिस गर्ने लगायतका सेवासमेत गाउँपालिकाबाटै प्रदान गरिने जनाइएको छ।

करदाता दर्ता विवरण संशोधन, करसम्बन्धी शिक्षा तथा सचेतनामूलक कार्यक्रम सञ्चालनमासमेत गाउँपालिकाले सहकार्य गर्नेछ। यसबाट स्थानीय करदातालाई आयकर, मूल्य अभिवृद्धि कर र अन्त:शुल्कसम्बन्धी कानुनी प्रक्रिया बुझ्न थप सहज हुने विश्वास गरिएको पौवादुङमा गाउँपालिकाअध्यक्ष किरण राईले बताएका छन्।

# घनचक्करको चक्करमा एकछिन्



बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

**यो घनचक्करले एउटा सशक्त सन्देश दिन्छः हामी नै आफ्नै जीवनका स्रष्टा हौँ। मेरो बर्तमान मेरै बुद्धि र कर्मको फल हो। मेरो भविष्य पनि मेरै बुद्धि र कर्मको फल हुनेछ।**

एकछिन यो समयरेखामा उभिएर टक्क अडिएर हेर्दा एउटा स्पष्ट चित्र आउँदो रहेछ समयको । त्यो राजनीतिको समय पनि हो । त्यो जीवनका हरेक आयामहरूको समय पनि हो । त्यो देश, व्यक्ति, समाज, मुलुक र समग्र विश्वको समय पनि हो । यो समयले एउटा शास्वत रंग बोकेर आएको छ । त्यो रंग भनेको कुनै बनाइएको आदर्शको रंग होइन, कुनै व्याख्याकार वा दार्शनिकले बनाएको रंग पनि होइन । त्यो त हाम्रै दनन्दिनीहरूबाट निस्किएका बाछिटाहरु हुन् ।

अनिश्चित संसारमा मानव भएर अस्तित्वमा रहनुको अर्थ खोजिरहँदारहछौं हामी । पाइन्छ कि पाइँदैन, थाहा छैन । तर खोजिरहन्छौं, त्यसैमा जीवन व्यतित गर्छौं । यो घनचक्करमा हाम्रो पूरै जीवन फसेको छ । यही घाचक्करलाई अस्थित्ववाद भनेर नाम दिइएको छ । यो घनचक्करमा फसेपछि व्यक्तिगत स्वतन्त्रता, व्यक्तिगत उत्तरदायित्व र एक प्रकारले उदासीन देखिने ब्रह्माण्डमा अर्थको खोजी गरिरहन्छ । तर अर्थ भने कहिल्यै भेट्दैन । अनि उसको बूताले भेट्टाएको एउटा भ्रमलाई सत्य भनिरहन्छ बिचरा मान्छे ! भ्रमलाई सत्य मान्न बाध्य पनि छ मान्छे । कुनै बिकल्प नै छैनन् ।

यो घनचक्कर एक यस्तो दृष्टिकोण हो जसले व्यक्तिको, सोच, चिन्तन र जीवन्त अनुभूतिलाई केन्द्रमा राख्छ । यसले सार्वभौमिक सत्य वा स्थिर सिद्धान्तहरूमा निर्भर रहनुभन्दा, प्रत्येक व्यक्तिले आफ्ना निर्णय र क्रियामार्फत आ^ नै अर्थ सिर्जना गर्नुपर्ने हुन्छ । सत्य भेट्टाउनु पर्ने हुन्छ । जाँ-पल सार्त्रले पनि भनेका थिए, "अस्तित्व सारभन्दा अगाडि आउँछ" । अर्थात् मानिस जन्मँदै निश्चित उद्देश्य लिएर आउँदैन; बरू उसले आफ्ना जीवन निर्णयमार्फत आफूलाई परिभाषित गर्छ । व्याख्या गर्छ । त्यसको बचाउ गर्छ । त्यसको रक्षा गर्न ऊ आन्दोलन गर्छ । तर हामी देखिरहेका छौं, मानिसहरु कुनै एउटा विचार, भ्रम जे भने पनि लाई बाँचुञ्जेल अँगालिरहन्छ । उसलाई यो पनि थाहा छैन कि आजको यो समय न त हिजोकै जस्तो ठ्याक्कै छ, न त भोलि नै आजको जस्तै ठ्याक्कै हुनो छ । तर मान्छे आँफू बाँचुञ्जेलको समय 'एउटै हुन्छ' वा 'एउटै हो' भनिरहन्छन् । हजुरबादेखि एउटै पार्टीमा भोट हालेका मान्छेहरूलाई हेरे पुग्छु । तिनिहरूको अनुहार देख्दा तपाइलाई तिनीहरूप्रति दया लाग्दैन ?

यो घनचक्करमा मानव पूर्ण रूपमा स्वतन्त्र छ आफ्ना निर्णयहरु गर्न । यो स्वतन्त्रता एकातिर शक्तिशाली बनाउने तत्व हो भने अर्कोतिर उत्तरदायित्वको भार पनि बोकेको हुन्छ । जस्तो कि कुनै विद्यार्थीले आफ्नो पेशागत मार्ग रोज्दा उसले सम्पूर्ण रूपमा समाज वा भाग्यलाई दोष दिन सक्दैन र पाउँदैन पनि; अन्ततः त्यो उसको आ^ नै छनोटको प्रतिफल हो सफल असफल दुवै अवस्थामा । यो सफल जीवनमार्गको बाटो हो । यो अर्थशास्त्रको 'सिक्सेवल थ्योरी अफ प्रोफिट' जस्तै हो । तर त्यो छनोटको स्वतन्त्रतासँगै उत्तरदायित्व पनि अनिवार्य रूपमा आउँछ । व्यक्तिले आ^ ना कर्मका परिणामहरु स्वीकार गर्नुपर्छ । भरै छैन नस्वीकारी । यदि कसैले बेइमानीको बाटो रोज्छ भने उसले व्यक्तिगत ग्लानि र सामाजिक दुष्परिणाम दुवै भोग्नुपर्छ । अहिले धमाधम खोरमा छिर्दै गरेका हिजोका 'महान महानुभावहरु' हेरे पुग्छ नि । फल तिनेले जे रोपेका थिए त्यही फलेको हो ।

यो घनभक्करको अर्को विशेषता के हो भने जीवनमा कुनै पूर्वनिर्धारित अर्थ हुँदैन, जसले विसङ्गतिको अनुभूति जन्माउँछ—अर्थको खोजी गर्ने हाम्रो चाहना र मौन ब्रह्माण्डबीचको द्वन्द्व । अल्बेयर कामुद्वारा "विसङ्गत अवस्था" को व्याख्यामा सशक्त रूपमा प्रस्तुत गरिएको छ यो कुरा । जस्तो कि मानिसहरूले स्थायी सफलता वा सुखको खोजी गर्छन्, तर जीवन अनिश्चित र प्रायः अप्रत्याशित हुन्छ । म जेल जान्छु भन्ने हिजो पटक पटक प्रधानमन्त्री भइसकेका मानिसलाई थियो त ? थिएन, तर त्यस्तै भयो । राज्य संयन्त्र मुठ्ठीमा लिएर देश उजिल्याउनेहरूलाई यस्तो बहुमतको सरकार आउला र यस्तो सजाय पाइएला भन्ने थियो त ? थिएन नि ।

यो घनचक्करमा फसेपछि प्रामाणिक जीवन, स्वपहिचान बनाउन बाध्य हुनुपर्छ । सामाजिक अपेक्षाहरूको अन्धानुकरण नगरी आ^ नै सत्यतामा अडिग रहनु पर्छ । परिवारले "सुरक्षित" र पैपा कम्मिने पेशा रोज्न दबाब दिंदा पनि कला क्षेत्रमा लागिरहने छोराछोरी प्रामाणिक जीवन जिउँछन् । तिनले आफ्नै पहिचान बनाउन बाध्य हुन्छन् । भ्रष्टाचारमा पक्राउ परेका मानिसहरूको जसरी अहिले पहिचान खुल्दै छ ।

यो घनचक्करले चिन्ता, एक्लोपन र अनिश्चिततालाई मानव जीवनका स्वाभाविक पक्षका रूपमा स्वीकार गर्छ । रमेश लेखक पक्राउ पर्दा कुनै कांग्रेसजन सडकमा आएनन् । हिजो उनले गरेको 'कर्म' को फल भोग्न बाध्यता पनि छ, त्यसले उनलाई कति चिन्तित, कति एक्लोपना, कति अनिश्चितताको भूमरी चलिरहेको होला मनमा ?

डेनिस दार्शनिक सोरेन कियरकेगार्दले स्वतन्त्रताको अपरिहार्य अवस्था नै चिन्ता हो भन्ने कुरा जोड दिएका छन् , जुन हामी सबैमा लागू हुन्छ ।

यो घनचक्कर केवल सैद्धान्तिक विचार मात्र होइन; यो दैनिक जीवनमा प्रत्यक्ष लागू हुन्छ । व्यक्तिगत खुशी र सामाजिक स्वीकृतिबीच आफ्ना कर्महरूको छनोट गरिरहेका हुन्छौं हामी । त्यो छनोट कुनै निश्चित नियमबिना नै नैतिक निर्णय गरिरहेका हुन्छौं । पेशा, सम्बन्ध र पहिचानमा अनिश्चितताको सामना गरिरहेका हुन्छौं । जस्तो कि कडा संस्थागत नियमहरु हुँदाहुँदै पनि कक्षाकोठामा नवीनता ल्याउने शिक्षकले अस्तित्ववादी साहस र प्रामाणिकता प्रदर्शन गर्छ । उसले नवीनताको लागि संघर्ष गर्छ ।

आधुनिक विश्वमा पनि यो घनचक्करको सान्दर्भिकता अधिक छ । आजको तीव्र परिवर्तनशील संसारमा मानिसहरूले आफ्नो पहिचान, उद्देश्य र स्वतन्त्रतासम्बन्धी प्रश्नहरूको निरन्तर सामना गरिरहेका छन् । बाह्य शक्तिलाई दोष दिनुभन्दा आ^ नै जीवनको स्वामित्व लिन प्रेरित गर्छ । यसले साहसको आह्वान गर्छ—छनोट गर्ने, कर्म गर्ने, र उत्तरदायित्व स्वीकार गर्ने साहस । त्यसैले अहिले सुदन गुरूङ्को निसानामा पर्‍यौं भन्नेहरूले आफ्ना हिजोका सबैखाले 'कुकर्म' तथा 'सुकर्म' हरूलाई अंगीकार गर्नुको अर्को बिकल्प पनि छैन । यो घनचक्कर मानव गरिमाको दर्शन हो । यसले भन्छ—जीवनसँग पूर्वनिर्धारित अर्थ नआए पनि प्रत्येक व्यक्तिसँग आ^ नै अर्थ सिर्जना गर्ने शक्ति मात्र होइन, कर्तव्य पनि छ । अनिश्चितताले भरिएको संसारमा यो घनचक्करले एउटा सशक्त सन्देश दिन्छः हामी नै आ^ नै जीवनका स्रष्टा हौँ । मेरो बर्तमान मेरै बुद्धि र कर्मको फल हो । मेरो भविष्य पनि मेरै बुद्धि र कर्मको फल हुने छ । यो घनचक्करलाई बिसौं शताब्दीका युरोपेली दार्शनिकहरूले 'एक्जिस्टेन्सियालिज्म / अस्थित्ववाद ' भनेर नामकरण गरिदिए ।

दमक, झापा

### खेल क्षेत्रका प्रेरणादायी कथा

# सपना देख्ने ठाउँदेखि राष्ट्रिय मैदानसम्म





बुटवलस्थित एभरेष्ट इङ्लिश बोर्डिङ स्कुलले नेपाली महिला भलिबल क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याएको उदाहरण प्रस्तुत गरेको छ । विद्यालय केवल शैक्षिक उत्कृष्टतामा सीमित छैन, यसले खेलकुद, विशेषगरी महिला भलिबलमा पनि उल्लेखनीय उपलब्धि हासिल गरेको छ। काठमाडौं उपत्यकाबाहिर महिला भलिबललाई प्राथमिकतामा राख्ने विद्यालयहरू कम भए पनि एभरेष्टले यो क्षेत्रमा अग्रणी भूमिका खेलेको छ ।

यस विद्यालयले छात्राहरूलाई खेलप्रति आकर्षित मात्र गरेको छैन, उनीहरूलाई राष्ट्रिय स्तरसम्म पुग्ने आधार पनि तयार गरेको छ। पछिल्लो छ वर्षदेखि नेपाली राष्ट्रिय महिला भलिबल टोलीमा एभरेष्टबाट उत्पादन भएका खेलाडीहरू निरन्तर रूपमा समावेश हुँदै आएका छन्। पुनम चन्द, आरती सुवेदी, मीना सुनार, सरस्वती कट्टेल, निशा चौधरी, अनुशा चौधरी र आरती चौधरीजस्ता खेलाडीहरूले राष्ट्रिय टोलीमा आफ्नो पहिचान स्थापित गरेका छन्। त्यस्तै, अन्डर-२० टोलीका प्रशंसा पौडेल र रूपा लम्साल पनि यही विद्यालयका प्रतिभाशाली खेलाडी हुन् ।

एभरेष्ट भलिबल क्लबका प्रमुख प्रशिक्षक अर्जुन घिमिरेले विद्यालयलाई महिला भलिबल खेलाडी उत्पादन गर्ने "कारखाना" का रूपमा व्याख्या गरेका छन्। उनले विगत १२ वर्षदेखि देशका विभिन्न जिल्लाबाट प्रतिभाशाली छात्राहरू छनोट गरी आवासीय सुविधा र नियमित प्रशिक्षण प्रदान गर्दै आएका छन्। यसले ग्रामीण क्षेत्रका प्रतिभाहरूलाई उजागर गर्ने अवसर दिएको छ ।

विद्यालयले घरेलु प्रतियोगिताहरूमा पनि उत्कृष्ट प्रदर्शन गर्दै आएको छ। एनभीए लिगका विभिन्न संस्करणहरूमा उल्लेखनीय स्थान हासिल गर्दै एभरेष्टले आफ्नो क्षमता प्रमाणित गरेको छ। विद्यालयका प्राचार्य कृष्ण न्यौपानेका अनुसार, खेलकुदमा गरिएको लगानीले भविष्यका राष्ट्रिय खेलाडी उत्पादन गर्न मद्दत पुगेको छ। छात्राहरूलाई पढाइ, खानपान, बसोबास र प्रशिक्षण सबै सुविधा उपलब्ध गराइएको छ ।

यद्यपि, राज्यको तर्फबाट महिला भलिबलमा पर्याप्त लगानी नभएको गुनासो पनि उठाइएको छ। प्रशिक्षक घिमिरेले कभर्डहल निर्माण, प्रशिक्षक विकास र प्रतिस्पर्धा विस्तारमा सरकारको ध्यान आवश्यक रहेको बताएका छन्। यसरी, एभरेष्ट विद्यालयले सीमित स्रोतका बीच पनि महिला खेलकुद विकासमा प्रेरणादायी भूमिका खेलेको देखिन्छ ।

**भलिबलको एउटै टिममा एकै परिवार**

यस्तै अर्को प्रेरणादायी कथा छ म्याग्दी जिल्लामा । जिल्लाको धवलागिरि गाउँपालिका-३ फलियागाउँमा एउटा अनौठो भलिबल टिम चर्चामा आएको छ, जहाँ एउटै परिवारका चार सदस्य एउटै टोलीमा खेल्छन्। सबहादुर गोतामे र उनका तीन छोराहरू—नरेश, नवीन र केशव—यस टोलीका मुख्य सदस्य हुन् । छ जनाको टोलीमा दुई जना बाहिरी खेलाडी थपेर उनीहरूले विभिन्न प्रतियोगितामा सहभागिता जनाउँदै आएका छन् ।

सबहादुर सानैदेखि भलिबल खेल्दै आएका कारण उनका छोराहरू पनि यस खेलतर्फ आकर्षित भएका हुन्। परिवारकै प्रेरणाबाट सुरु भएको यो यात्रा अहिले 'घरपरिवार भलिबल समूह' को रूपमा चिनिन थालेको छ। उनीहरू सेटर, लिब्रो, रेज जस्ता विभिन्न भूमिकामा दक्ष छन्, जसले टोलीलाई बहुआयामिक बनाएको छ ।

हालै धवलागिरिका विभिन्न वडामा आयोजित प्रतियोगितामा उनीहरूले उपाधि जित्दै आफ्नो क्षमता प्रमाणित गरेका छन्। खेलकुद मात्र होइन, शिक्षामा पनि उनीहरू सक्रिय छन्। नवीन र केशवले राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा एथलेटिक्सतर्फ तीन-तीन स्वर्ण पदक जितेका छन् भने नरेशले प्रदेशस्तरीय प्रतियोगितामा भाग लिने अवसर पाएका छन् ।

मध्यमवर्गीय पारिवारिक पृष्ठभूमिका सबहादुरले वैदेशिक रोजगारीपछि गाउँमै घोडापालन व्यवसाय सञ्चालन गर्दै आएका छन्। खेलप्रति उनीहरूको लगावले गर्दा फुर्सदको समय र मेलाजात्रामा भलिबल खेल्नु उनीहरूको नियमित अभ्यास बनेको छ ।

उनीहरूको खेलप्रेम र समर्पण देखेर स्वदेश तथा विदेशमा रहेका व्यक्तिहरूले सहयोग पनि गर्न थालेका छन्। जर्सी र खेल सामग्री सहयोगले उनीहरूलाई थप उत्साह मिलेको छ। सबहादुरका अनुसार, शारीरिक रूपमा सक्षम रहुन्जेल उनीहरू खेलमा निरन्तर लागिरहनेछन् । यसरी, एउटा परिवारभित्रैबाट खेलकुदप्रति समर्पण र एकताको उदाहरण प्रस्तुत गर्दै यो टोलीले ग्रामीण क्षेत्रमा खेलकुद विकासको प्रेरणादायी कथा प्रस्तुत गरेको छ।

रबर स्ट्याम्प बनाउने ठाउँ
बिजि स्टेशनरी एण्ड छापाखाना
दमक-६, मोबाइल लाईन ।
९८०१४१४५२६/९८४३०३४५२६

# अपराधमा हतियारभन्दा मोबाइल खतरनाक बन्दै



**दमक/** केही दिनअघि एक युवतीले केपी शर्मा ओली को पक्राउको विरोधमा सडक आन्दोलन गरिन्। भदौ २३ मा भएको जेन-जी आन्दोलनको छानबिनका लागि गौरीबहादुर कार्की नेतृत्वको आयोगले दिएको सिफारिसका आधारमा ओली पक्राउ परेका थिए। युवतीले यसलाई प्रतिशोधको राजनीति भन्दै "ओली रिहा गर" भन्ने नारा लगाएकी थिइन्। उनको भिडियो सामाजिक सञ्जालमा भाइरल भएपछि उनी साइबर बुलिइङको शिकार बनिन् ।

सामाजिक सञ्जालमा उनलाई ज्यान मार्ने, बलात्कार गर्ने जस्ता गम्भीर धम्की दिइयो। यहाँसम्म कि निर्मला पन्त र इनिसा विकजस्ता घटनासँग तुलना गर्दै त्रास फैलाउने प्रयास गरियो। केहीले एआई प्रयोग गरी उनको चरित्रहत्या गर्ने सामग्रीसमेत बनाएका थिए। स्थिति असह्य भएपछि उनी न्यायका लागि साइबर ब्यूरो पुगिन् ।

यसअघि पनि रामकुमारी झाँक्री जस्ता नेतृ साइबर दुर्व्यवहारको शिकार भइसकेकी छन्। विशेषगरी राजनीतिक विभाजनपछि उनीमाथि अपशब्द, गालीगलौज र व्यक्तिगत आक्रमण बढेको थियो। अनुसन्धानले विभिन्न वर्ग, लिङ्ग र पृष्ठभूमिका व्यक्तिहरूबाट यस्तो आक्रमण भएको देखाएको छ, जसमा नक्कली आईडीहरूको प्रयोगसमेत व्यापक छ ।

त्यस्तै, हर्क साम्पाङ ले पनि आफूलाई सामाजिक सञ्जालमार्फत ज्यान मार्ने धम्की आएको भन्दै उजुरी दिएका थिए। यसले साइबर हिंसा अब सामान्य नागरिकदेखि सार्वजनिक व्यक्तिसम्म फैलिएको देखाउँछ । जेन-जी आन्दोलनपछि बनेको नयाँ राजनीतिक परिवेशसँगै समाजमा असहिष्णुता बढ्दै गएको चर्चा छ। फरक विचारलाई सम्मान गर्ने संस्कार कमजोर बन्दै गएको छ भने डिजिटल माध्यममार्फत हुने हिंसा तीव्र गतिमा बढिरहेको छ ।

साइबर ब्यूरोका अनुसार पछिल्ला पाँच वर्षमा ८ हजारभन्दा बढी मानिस बुलिइङको शिकार भएर उजुरी गर्न पुगेका छन्। पछिल्ला वर्षहरूमा उजुरीको सत्त्या तीव्र रूपमा बढ्दै गएको छ। प्रवक्ता दिलीपकुमार गिरी का अनुसार चुनाव र आन्दोलनको समयमा राजनीतिक बहस तीव्र हुने भएकाले यस्ता घटनाहरु बढ्ने गर्छन् । उनले साइबर अपराधबारे चेतना अभाव पनि मुख्य कारण भएको बताए । उनका अनुसार नक्कली आईडी प्रयोग गरेर गरिएका अपराधबाट पनि दोषी उम्किन सक्दैनन् । त्यसैले सामाजिक सञ्जाल प्रयोग गर्दा जिम्मेवार हुन आवश्यक छ । साथै, विद्यालय, अभिभावक र मिडियाले पनि साइबर सचेतना बढाउन भूमिका खेल्नुपर्ने देखिन्छ ।

# धराबासीलाई दिर्घसाहित्य सेवा सम्मान



**विर्तामोड/** साहित्यकार कृष्ण धरावासीलाई दीर्घसाहित्य सेवा सम्मान प्रदान गरिएको छ । झापाको अर्जुनधारा नगरपालिकाको भाषा, कला, साहित्य तथा संस्कृति प्रवर्द्धन समितिले साहित्यकार धरावासीलाई उक्त सम्मान प्रदान गरेको हो ।

नगरपालिकाको सभाहलमा आयोजित 'साहित्य विमर्श तथा दीर्घ साहित्य सेवा सम्मान समारोह'मा साहित्यकार धराबासीलाई रु एक लाख एक हजारसहित दीर्घ सेवा सम्मान प्रदान गरिएको नगर कार्यालयले जनाएको छ । कार्यक्रममा वरिष्ठ साहित्कार प्रकाश बुढाथोकी, नगरप्रमुख बलदेवसिंह गोम्देन तामाङ, उपप्रमुख खड्गमाया पराजुलीलगायतले सम्मानपत्र हस्तान्तरण गरेका थिए ।

नगरप्रमुख गोम्देनको अध्यक्षतामा भएको कार्यक्रमको उद्देश्य एवं औचित्यमाथि उपप्रमुख पराजुलीले प्रकाश पारे । समितिकी संयोजक कञ्चना काफ्लेले सहभागीलाई स्वागत गर्नुभएको थियो भने कार्यक्रम सञ्चालन नगरका कर्मचारी सौजन कटुवालले गरेका थिए । सोही कार्यक्रममा साहित्य विमर्शसमेत गरिएको छ । विमर्श कार्यक्रममा साहित्यकार चन्द्र भण्डारी, सीमा आवास र दिपेन्द्र आचार्य प्रमुख वक्ताका रूपमा रहनुभएको थियो भने विमर्शको सहजीकरण पत्रकार सन्तोष आचार्यले गरेका थिए ।

कार्यक्रममा साहित्यकारले कविता, गीत, गजललगायत रचना प्रस्तुत गर्नुभएको नगरउपप्रमुख पराजुलीले बताए । नगरले प्रदान गर्दै आएको उक्त दीर्घसेवा सम्मानबाट सरोजकुमार ओली, विष्णुकुमार भट्टराई, कालीबहादुर थापा, हस्त परियार र कृष्ण बराल सम्मानित भइसकेका छन् ।

# कमलमा महिला लक्षित स्वास्थ्य शिविर

**कमल/** जिल्लाको कमल गाउँपालिकाले गाउँपालिकाका तीन स्थानमा महिला लक्षित निशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने भएको छ ।

पालिका भित्र बसोबास गर्ने महिलाहरूको स्वास्थ्य सेवालाई मध्यनजर गर्दै पालिका भित्रका तीन स्थानमा यहि चैत २४ देखि २९ गतेसम्म महिला लक्षित स्वास्थ्य शिविर सञ्चालन गर्न लागिएको पालिकाको स्वास्थ्य शाखाले जनाएको छ ।

स्वास्थ्य शाखा प्रमुख दिपक दाहालका अनुसार विशेष गरी स्वास्थ्य सेवाको सहज पहुँचमा पुग्न नसकेको ठाउँ र समुदायका महिलालाई लक्षित गरेर विकेन्द्रीत ढंगबाट महिला स्वास्थ्य लक्षित घुम्ती शिविर सञ्चालन गरिने भएको हो । शिविरका क्रममा वडा नं १ , ३ र ७ का आधारभूत स्वास्थ्य केन्द्रहरूमा महिला स्वास्थ्य परीक्षणसँगै उपचार र परामर्श सेवा सञ्चालन गर्न लागिएको शाखा प्रमुख दाहालले जानकारी दिए । शिविर सफलतापूर्वक सम्पन्न गर्न आवश्यक सवै तयारी अन्तिम चरणमा पुगेको उनले बताए ।

उनका अनुसार यही चैत २४ गते आधारभूत स्वास्थ्य सेवा केन्द्र कमल ३ , २६ गते वडा नं १ र २९ गते कमल ७ को आधारभूत स्वास्थ्य केन्द्रमा शिविर सञ्चालन गरिनेछ । शिविरमा महिलाहरूमा देखिने स्वास्थ्य समस्याहरूको स्क्रीनिङ तथा व्यवस्थापन गरिनेछ । शिविरमा पाठेघरको मुखको क्यान्सर (भीआइए) परीक्षण, स्तन क्यान्सर स्क्रीनिङ, आङ खस्ने समस्याको जाँच तथा आवश्यक परामर्श र रिफरल सेवा समेत प्रदान गरिने शाखा प्रमुख दाहालले बताए ।

## साहित्य

# दित्केलमा आदिकवि भानुभक्तको सालिक पुनर्निर्माण

**खोटाङ/** दित्केल बजारको भानुचोकमा रहेको राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको सालिक पुनर्निर्माण गरिएको छ । कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयले दित्केल बजारको समग्र सौन्दर्यकरणका लागि रु एक करोड बजेट उपलब्ध गराएपछि ठेक्का प्रक्रियामार्फत आदिकवि भानुभक्त आचार्यको सालिक पुनर्निर्माणको काम सम्पन्न गरिएको हो ।

भानुभक्तको सालिकसँगै बजार क्षेत्रका विभिन्न स्थानमा पूर्वाधार विकासका काम गरिएको भौतिक पूर्वाधार विकास कार्यालयका प्रमुख विनम दाहालले जानकारी दिएका छन् । "दित्केल बजारको सौन्दर्यकरण कार्यक्रमअन्तर्गत आदिकवि भानुभक्त आचार्यको अर्धकदको प्रतिमा पहिलेकै स्थानमा राखिएको छ । त्यहाँ आचार्यको ठूलो आकारको मूर्ति सरोकारवालाले नै खरिद गरेर राख्ने सहमति भएको छ", उनले भने, "भानुभक्तको सालिक पुनर्निर्माण सकिएसँगै सालिक वरपरका खाली ठाउँमा टाइल जडान, रङरोगन, प्रकाश व्यवस्थापन, बगैंचा निर्माण, चोकको सांकेतिक चिह्न राख्ने तथा आदिकवि भानुभक्तका कविताका केही हरफ समावेश गरेर सौन्दर्यकरण गरिएको छ । यसले दित्केल बजारको सौन्दर्यकरणमा थप टेवा पुगेको छ ।"

आदिकवि भानुभक्तको सालिक पुन: निर्माण अन्तरगतकै योजनाबाट जिल्ला प्रहरी कार्यालयको प्रवेशद्धार अगाडिदेखि भानुचोक हुँदै लोकसेवा आयोगको कार्यालय तथा लोकसेवा आयोगको कार्यालयदेखि नेपाली काँग्रेसको पार्टी कार्यालयसम्म सडक सुधार तथा निर्माणको काम गरिएको छ । यसका साथै दित्केल रुपाकोट मझुवागढी नगरपालिका-१ भित्रका केही सडक निर्माणका कामसमेत सम्पन्न भएको कार्यालयले जनाएको छ ।

भानुचोकमा भानुभक्तको सालिक पुनर्निर्माणका लागि कार्यालयले गत कात्तिक २ गते बोलपत्र आह्वान गरेको थियो । लामो समयदेखि जीर्ण तथा अव्यवस्थित अवस्थामा रहेको भानुभक्तको सालिकलाई व्यवस्थित, सुरक्षित र आकर्षक बनाउने उद्देश्यसहित पुनर्निर्माणको प्रक्रिया अघि बढाइएको थियो ।

सौन्दर्यकरणको काम सम्पन्न भएपछि दित्केल बजारको संरचनागत व्यवस्थापन तथा ऐतिहासिक, साहित्यिक र पर्यटकीय महत्व थप उजागर भएको छ । पुरानो संरचनाका घरहरू रहेको दित्केल बजारको मुहार कोशी प्रदेश सरकारको लगानीमा विस्तारै फेरिँदै गएको महसुस गरिएको छ ।

जिल्लाको प्रमुख व्यापारिक केन्द्र दित्केल बजारको सडक ढलानको कामसमेत सम्पन्न भएको छ । विसं २०७६ मा सुरु गरिएको दित्केल बजारको सडक ढलानको कामले सात वर्षपछि बल्ल पूर्णता पाएको हो । दित्केल बजारस्थित किरात चोकदेखि हाडडाँडासम्मको भित्री सडक ढलान भएसँगै अब हिउँदमा धुलाम्मे र बर्खामा हिलाम्मे हुने समस्याको अन्त्य भएको छ । कुनै समय धुलो र हिलोका कारण हिँड्नसमेत नसकिने अवस्थामा रहेको दित्केल बजारको कच्ची सडकले सबैलाई सास्ती दिएको थियो ।

लामो समयको प्रतीक्षापश्चात पूरै सडक ढलान भएपछि दित्केल बजारको मुहार नै फेरिएको उद्योग वाणिज्य संघका अध्यक्ष राजनप्रसाद आचार्यले बताए । साँघुरो, हिलाम्मे र धुलाम्मे अवस्थाको दित्केल बजारको सडक संघ र प्रदेश सरकारले उपलब्ध गराएको बजेटले पूरै ढलान भएको हो । दित्केलस्थित शङ्धर साख्वा: चोकदेखि भानुचोकसम्मको सडक ढलान यही पुस २७ गते (आइतबार) सम्पन्न भएसँगै पूर्णता पाएको छ । कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत भौतिक पूर्वाधार कार्यालयको मूल्य अभिवृद्धि कर तथा पिएससहित रु ९५ लाख ८५ हजार ७८ लागतमा निर्माण कम्पनीले सडक ढलानको काम गरेको हो ।

# साना उद्यमी लक्षित सुलभ कर्जा

**बिराटनगर/** कोशी प्रदेशका साना तथा मझौला उद्यमीको वित्तीय पहुँच वृद्धि गर्न र व्यवसाय विस्तारका लागि आवश्यक पुँजी उपलब्ध गराउन कोशी प्रदेश सरकारले उद्यमी सहयोग योजना कार्यान्वयनमा ल्याएको छ । 'आर्थिक विकासका लागि लगानी र नवप्रवर्तन' (उदय) परियोजना अन्तर्गत 'प्रादेशिक साना तथा मझौला उद्यमी कर्जा सुरक्षण कोष' मा आबद्ध हुन निक्षेप तथा कर्जा सुरक्षण कोष र दुई ठुला वाणिज्य बैङ्कबिच सम्झौता भएको हो । निक्षेप तथा कर्जा सुरक्षण कोषले राष्ट्रिय वाणिज्य बैङ्क र ग्लोबल आइएमई बैङ्कसँग द्विपक्षीय सम्झौतापत्रमा हस्ताक्षर गरेको हो । यो सम्झौतासँगै अब धितोको अभाव वा मौजुदा धितोमा थप ऋण नपाएर व्यवसाय विस्तार गर्न नसकेका उद्यमीलाई राहत पुग्ने भएको छ ।

कोशी प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयका शाखा अधिकृत विमल बाँस्कोटाका अनुसार यस कार्यक्रमका लागि ६० करोड रुपियाँको 'प्रादेशिक साना तथा मझौला उद्यमी सुरक्षण कोष' स्थापना गरिएको छ । यस कोषमा कोशी प्रदेश सरकार र स्विस सरकारको स्विस विकास नियोगको ५०/५० प्रतिशत भागीदारी रहेको छ । कानुनी रूपमा प्रदेश सरकारले सिधै बैङ्कसँग जमानी बस्न नमिल्ने भएकाले सङ्घीय सरकारमातहतको 'निक्षेप तथा कर्जा सुरक्षण कोष' लाई फन्ड म्यानेजरका रूपमा अघि सारिएको मन्त्रालयले जनाएको छ । प्रदेश सरकारले उक्त कोषमार्फत बैङ्कहरूबाट प्रवाह हुने कुल कर्जाको साढे सात प्रतिशत बराबरको सुरक्षण गरिदिने छ । यसले बैङ्कको कर्जा जोखिम न्यून गर्ने र उद्यमीलाई थप कर्जा प्रवाह गर्न बैङ्कहरूको आत्मविश्वास बढाउने छ ।

यस परियोजनाले सन् २०२७ सम्ममा कोशी प्रदेशका तीन हजार साना तथा मझौला उद्यमीलाई कुल आठ अर्ब रुपियाँ कर्जा प्रवाह गर्ने लक्ष्य राखेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयका शाखा अधिकृत विमल बाँस्कोटाका अनुसार उद्यमीले न्यूनतम ३० लाख रुपियाँदेखि अधिकतम तीन करोड रुपियाँसम्मको कर्जा प्राप्त गर्न सक्ने छन् ।

## पुस्तक-साभार

# सोच बदलौं, जिन्दगी बदलौं

### तपाईको दिमागमा अनौठो शक्ति छ

# काम वर्तमानमा गर्नुस्

✍ **ब्रायन ट्रेसी**

जब संभव हुन्छ, कामलाई वर्तमानमा नै गर्ने बानी बसाउनुस्, यानी जुन काम जब आउँछ तब त्यो काम तत्काल गरिहाल्नुस् । आलटाल कहिल्यै नगर्नुस् । तपाईंलाई के कुरा थाहा पाएर अचम्म लाग्ने छ भने कुनै काम मिलेपछि तपाईले त्यसलाई बुझ्नु र गर्नुभन्दा पहिला बारम्बार त्यसको बारेमा सोच्नमा कति समय लगाउनुहुन्छ । एक सर्वसामान्य नियम अनुसार, सानोतिनो काम त पाउने वित्तिकै सकाइहाल्नुपर्छ । काम तत्काल गर्ने बानीले एकै दिनमा धेरै काम गर्नमा सहयोगी साबित हुनेछ । यसको साथै तपाईंको ख्याति एक यस्तो व्यक्तिको रूपमा हुनेछ जब हतार हुन्छ तब यो मानिसबाट काम गराउनु पर्छ ।

सफलता राम्रो बानीबाट मिल्छ ।

दिनभरमा तपाईं जे गर्नुहुन्छ त्यसमध्य ९५ प्रतीशत त तपाईंको बानीमा हुन्छ । सफल मानिस यस्ता हुन्छन्, जसले सफलतालाई आफ्नो बानी बनाएका हुन्छन् । सफल मानिस राम्रो बानी अपनाउँछन् र फेरि के निश्चित गर्छन् भने उनीहरूको व्यवहार पनि यही राम्रो बानीको नियन्त्रणमा होस् । असफल मानिस खराब बानीलाई हुर्कन दिन्छन् र फेरि यो खराब बानी अताशा र असफलताको कारण बन्छ ।

मेरो साथी एड फोरमेन भन्छन्, "राम्रो बानी अपनाउन कठिन हुन्छ, तर त्यसले जीवनलाई सजिलो बनाइदिन्छ । अर्कोतिर खराब बानी अपनाउनमा सजिलो हुन्छ तर त्यसले जीवनलाई कठिन बनाइदिन्छ ।

बानीलाई यसरी परिभाषित गर्न सकिन्छ, "कुनै परिस्थितिमा निश्चित प्रक्रिया ।" यो कुनै पनि परिस्थितिमा प्रतिक्रियाको स्वत: स्फूर्त प्रक्रिया हुन्छ । कुनै कुरा या कुरामा सोच्ने तरिका या प्रतिक्रियालाई जब बारम्बार दोहोऱ्याउने गरिन्छ तब यो बानी बन्छ । एक पटक यो बानी बस्यो भने फेरि कुनै अरू तरिकाकाको कुनै कुरा तपाईंको बानीको हिसाबले गर्न धेरै सजिलो हुनेछ । तपाईंमा कस्तो खालको बानी छ ?

सफल मानिस ती हुन् जो सफल बानी विकसित गर्छन् । उनीहरूले हर कुरालाई एक निश्चित अन्दाजमा गर्नको लागि लगातार प्रयासको माध्यमले प्रशिक्षित गरेका हुन्छन् । यो हदसम्म कि उनीहरू त्यो कुरा नसोची पनि आफसेआफ त्यसैगरी गर्न थाल्छन् ।

**तपाईले यो पुरानो भनाइ सुन्नु भएको होला:**

विचारको बीउ रोप र कामको फल पाउ, कामको बीउ रोप र बानीको फल पाउ, बानीको बीउ रोप र एक व्यक्तित्व पाउ, एक व्यक्तित्व अपनाउ र नियति प्राप्त गर ।

**सफलताको लागि एक खास बानी**

सफलता पाउनको लागि एक खास बानी छ, छिटै उठ्नु । सफल मानिस केही छिटै उठ्छन्, पढेर आफूलाई तयार गर्छन्, योजना बनाउँछन् र कागजमा दर्ता गराएर आफूलाई आउने दिनको लागि तयार गर्छन् । हो, आममानिसभन्दा पहिला नै काम शुरू गरिदिन्छन् । धोमस जेफरसनले भन्ने गर्थे, "सूर्यले कहिल्यै मलाई ओछ्यानमा समाउन सकेन ।

केही वर्ष पहिला मेरो एक सेमिनारमा एक महिलाले मलाई छिटै उठ्दा हुने चमत्कारको बारेमा बताएकी थिइन् । उनले बताइन्, उनी छिटै सुतेर बिहान चार बजे नै उठ्थिन् । त्यसपछि बिहान सात आठ बजेसम्म आधा दिनको काम बराबर काम गर्ने गर्थिन्, आम मानिसको काम शुरूवात हुनु अगावै । धेरै समय बितेको छैन उनी आफ्ना सहकर्मीले भन्दा दुईगुणा काम गरेर दुईगुणा तलब लिन थालिन् । उनलाई लगातार उन्नति मिल्दै गयो र अरूले भन्दा धेरै काम गरेको कारणले धेरै पारिश्रमिक पनि दिइयो ।

सफल मानिस छिटै उठ्ने बानी बसाउँछन्, संभवतया छ या साढे छ बजेसम्म, कयौ पटक यो भन्दा पनि पहिला, फेरि तत्काल काम शुरू गरिदिन्छन् । यसले उनीहरूको दिनभरको कामलाई जोडदार सहयोग मिल्छ ।

अर्कोतिर 'एक औसत व्यक्ति बिहान उठेर काम शुरू गर्नमा नै एकाध घण्टा लगाइदिन्छ । त्यसपछि ऊ काम गर्नमा पनि इच्छा व्यक्त गर्दैन, लंचको बारेमा सोचेर या साँझमा अफिसबाट फर्केर के गर्ने भन्दै सोचेर बस्छ ।

जब तपाईको आलमे बज्छ, तब तत्काल उठ्नुस् र सीधा काममा लाग्नुस् । काम शुरू गर्नुस् । छिटै उठ्ने बानी बसाउनुस् र सबैभन्दा पहिला महत्त्वपूर्ण काम सकाउनुस् । यो बानी तपाईलाई सफलता दिलाउने खालको सबै बानीभन्दा महत्त्वपूर्ण साबित हुनेछ । क्रमश:

# 'पागल'को स्मृतिमा साहित्यिक सभा

**ईटहरी/** सुनसरीको इनरूवा नगरपालिका-३ मा सप्तरङ्गी साहित्य समाज कोशी प्रदेशले वरिष्ठ समालोचक तथा साहित्यकार स्व. उपेन्द्र बस्नेत 'पागल'को स्मृति सभा तथा रचनावाचन कार्यक्रम सम्पन्न गरेको छ ।

स्मृति सभा तथा रचना वाचन कार्यक्रममा साहित्यकारले पागलको योगदानको चर्चाका साथै आ आफ्नो समसामयिक रचना वाचन गरेका थिए । कार्यक्रम सिर्जनामा इनरूवाका अध्यक्ष तथा सप्तरङ्गी साहित्य समाजका सचिव लिलानाथ सिलवालले बस्नेतको साहित्य क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको बताए । उनले नेपाली साहित्य र सुनसरीको कला क्षेत्रमा निकै योगदान ताजै रहेको पनि स्मरण गरे । साहित्य कार्यक्रममा साहित्यकार डम्मरूबल्लभ भण्डारी, भरत गुरागाई बर्बरिक, उपेन्द्र पागलकी छोरी गीता बस्नेत, गीतकार राधा सुवेदी, यशोदा आचार्य अधिकारी, निर्मला भट्टराई कोइराला, शिवनारायण पण्डित, झोटन मेहता, विष्णु दाहाल, गायक प्रकाश अनुराग, माधव आचार्यसहितले पागलको योगदानको चर्चा गर्नका साथै आ(आफ्नो समसामयिक रचना वाचन गरेका थिए ।

कार्यक्रम सप्तरङ्गी साहित्य समाज कोशी प्रदेशका सचिव लिलानाथ सिलवालले सञ्चालन गरेका थिए भने सहभागीले उपेन्द्रको व्यक्तित्व तथा कृतित्वको साथै आफ्नो अनुभवको चर्चा गरेका थिए । सहभागीले उपेन्द्र पागलको नाममा पुरस्कार, अक्षयकोष तथा प्रतिष्ठान खोल्नुपर्ने धारणा राखेका थिए । उपेन्द्रकी छोरी गीता बस्नेतले यस बारेमा परिवारमा सल्लाह भइरहेको जानकारी दिईन् । कार्यक्रम सप्तरङ्गी साहित्य समाजका अध्यक्ष रमेन्द्र कोइरालाको अध्यक्षता तथा प्राज्ञ: जीवनाथ पोखरेल पन्छीको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो ।

## दैनिक राशिफल

आज मिति
२०८२ साल
चैत्र २३ गते
मंगलबार
6 April 2026
तिथि: चतुर्थी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | मनमा आशान्ति, कार्यमा मेहनत सामान्य लाभ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | २ बजे दिन सामान्य उप्रान्त धन, बस्त्र लाभ । |
| मिथुन | का कि कु घ ङ छ के को हा | होटल व्यवसाय, कृषि कर्मबाट लाभ शिक्षामा रुची । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | अध्ययनमा रुची धार्मिक कार्यमा मन लाग्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | घरायसी विवाद । धन लाभ वा कार्यमा सफलता |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | पराक्रम बढ्ने मध्यन्हबाट आय बढ्ने । |
| तुला | हि हु हे हो डा डि डु डे डो | बोलिको प्रभाव बढ्ने व्यवसायबाट लाभ । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | मनमा अशान्ति भएपनि आम्दानी बढ्ने । |
| धनु | य यो भा भी भ धा फा ढ भे | साथीबाट धोका सामान्य लाभ । |
| मकर | भो जा जी खि खू खे खो गा गी | मान्यजनबाट सहयोग आम्दानी बढ्ने । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | व्यवसायबाट लाभ शत्रु बढ्न सक्ने । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | धर्ममा रुची कार्यबाट लाभ । |

# नयाँ शैक्षिक शत्रसँगै नयाँ पुस्तक

**दमक/** सरकारले नयाँ शैक्षिक शत्र शुरुभएसँगै नयाँ पाठ्य पुस्तक पु¥याउने प्रबन्ध गरेको छ ।

समयमानै छपाई र ढुवानी भएका कारण सामुदायिक विद्यालयका विद्यार्थीले यस वर्ष पनि कक्षामा भर्ना भएकै दिन पाठ्यपुस्तक पाउने भएका छन् । पुस्तक छपाइको जिम्मेवारी पाएको जनक शिक्षा सामग्री केन्द्र लिमिटेड र निजी मुद्रण संस्थाले विद्यालय तहका लागि आवश्यक पर्ने पाठ्यपुस्तक छपाइ गरेर सम्बन्धित जिल्लामा पठाउन थालिसकेका छन् । अधिकांश जिल्लामा पुस्तक पुगिसकेको केहीमा पुग्ने क्रममा रहेको छ । चैतको अन्तिम सातासम्म पुस्तक सबै जिल्लामा पुगिसक्ने जनक शिक्षाले जनाएको छ ।

यस पटक सरकारले कक्षा ३ र ५ देखि १० सम्मका विद्यार्थीका लागि आवश्यक पर्ने पाठ्यपुस्तक छपाइको जिम्मेवारी जनक शिक्षालाई दिएको छ । कक्षा १, ३ र ४ का विद्यार्थीका लागि आवश्यक पर्ने पुस्तक छपाइको जिम्मेवारी निजी मुद्रण संस्थालाई दिइएको छ । सरकारी तथ्याङ्क अनुसार जनक शिक्षाले एक करोड ७० लाख थान पाठ्यपुस्तक छपाइ गर्नुपर्ने हुन्छ । निजी मुद्रण संस्थाले भने ६० लाख थान पुस्तक छपाइ गर्नुपर्ने हुन्छ । दुवै निकायले आफ्नो जिम्मेवारीमा रहेको पुस्तक छापेर ढुवानीसमेत सुरु गरिसकेका छन् । जनक शिक्षाले पुस्तक छापेर चैत १६ गतेबाट ढुवानीसमेत सुरु गरिसकेको छ ।

केन्द्रका प्रबन्ध सञ्चालक यदुनाथ पौडेलका अनुसार सानोठिमीस्थित केन्द्रीय कार्यालयसहित उपत्यकाबाहिरका आठसमेत गरेर नौ स्थानबाट पुस्तक बिक्री भइरहेको छ । मुलुकभरका एक हजार २५८ वटा अधिकृत बिक्रेताले आफूलाई पायक पर्ने बिक्री केन्द्रबाट पुस्तक लगेको पौडेलले जानकारी दिए ।

निजी मुद्रण संस्थाका अधिकारीसँग पनि जनक शिक्षालेनै बैठक राखेर सँगसँगै पुस्तक ढुवानी गरिरहेको छ । केही दिनअघि निजी मुद्रण संस्थाका सञ्चालकसँग पनि बैठक गरेर पुस्तक ढुवानी सँगसँगै गर्ने निर्णय भएको उनले जनाए ।

पुस्तक छपाइ र वितरणको विषयमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले शुक्रबार जनक शिक्षा पुगेर जानकारी समेत लिएका थिए । त्यस बेला उनले विद्यार्थीले भर्ना भएको दिन पाठ्यपुस्तक पाउने गरी कामलाई तीव्रता दिन जनक शिक्षाका अधिकारीलाई निर्देशन दिएका थिए । केही वर्षसम्म विद्यालय तहमा पाठ्यपुस्तक अभावको ठूलो समस्या रहने गरेकामा पछिल्ला केही वर्षदेखि भने सहज हुँदै गएको छ ।

## हुक्वापूजासहित झापाका ज्येष्ठ आङदेम्बेहरु सम्मानित

**दमक/** झापाको कनकाई नगरपालिका-स्थित भुरुङगामा हुक्वापूजासहित ज्येष्ठ आङदेम्बे वंशजहरूलाई सम्मान गरिएको छ। पापोहाङ आङदेम्बे सामाजिक कल्याण समितिले आफ्नो वार्षिक कार्यक्रमअन्तर्गत शनिबार विशेष समारोह आयोजना गर्दै जिल्लाभरिका आङदेम्बे परिवारका सदस्यहरूको सहभागितामा सामूहिक पूजा तथा सम्मान कार्यक्रम सम्पन्न गरेको हो ।

कार्यक्रममा गालीश्राप पूजा तथा हुक्वापूजा विधिपूर्वक सम्पन्न गरिनुका साथै एक दर्जनभन्दा बढी ज्येष्ठ अग्रजहरूलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो । साथै आङदेम्बे चेलीहरूलाई पनि सम्मान प्रदान गरिएको समितिका सचिव देवेन्द्र आङदेम्बेले जानकारी दिए। सम्मानित हुनेहरूमा खगेन्द्र, रामप्रसाद, कालुमान, मानबहादुर, चन्द्रबहादुर, ज्ञानबहादुर, ज्ञानमाया, छत्रबहादुर, चन्द्रमाया र कुमार आङदेम्बे लगायत रहेका छन् ।

संस्थाका अध्यक्ष सन्तवीर आङदेम्बेको अध्यक्षता तथा समाजसेवी मनप्रसाद आङदेम्बेको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा वक्ताहरूले आङदेम्बे समुदायबीच बन्धुत्व, एकता र संस्थागत सहकार्यलाई सुदृढ बनाउनुपर्नेमा जोड दिएका थिए। कार्यक्रममा विभिन्न सामाजिक तथा राजनीतिक व्यक्तित्वहरूले मन्तव्य राखेका थिए ।

हुक्वापूजाका क्रममा किरात धर्मअनुसार पूजाआजा गरिएको थियो। यसबाट परिवार तथा राष्ट्रमा सुख, शान्ति र समृद्धि कायम होस् भन्ने कामना गरिएको आयोजकहरूको विश्वास छ । कार्यक्रममा गायिका नविना आङदेम्बेले सांस्कृतिक प्रस्तुति दिएकी थिइन् भने सहभागीहरूबीच भेटघाट र सामूहिक भोजको समेत व्यवस्था गरिएको थियो ।

चार वर्षअघि स्थापना भएको समितिले झापामा रहेका आङदेम्बे समुदायबीच एकता अभिवृद्धि गर्दै विभिन्न सामाजिक गतिविधि सञ्चालन गर्दै आएको छ ।

# असहाय मानव सेवा समाजको नेतृत्व चयन, अध्यक्षमा पुनम

**दमक/** सामाजिक सेवामा क्रियाशील संस्था असहाय मानव सेवा समाज दमकको अध्यक्षमा पुनम रिजाल (प्रेमकुमारी) चुनिएकी छन् । शनिवार दमक ८ मा सम्पन्न संस्थाको छैटौं साधारण सभा तथा तेस्रो अधिवेशनले प्रेमकुमारीको अध्यक्षतामा नयाँ नेतृत्व चयन भएको हो ।

निर्वाचित कार्यसमितिको कार्यअवधि आगामी तीन बर्षसम्म रहने छ । सर्वसम्मत निर्वाचित कार्यसमितिको उपाध्यक्षमा निर्मला थापा, सचिवमा कृष्ण भट्टराई, सह सचिवमा अमृत बिष्ट र कोषाध्यक्षमा भुमी निरौला निर्विरोध चयन भएका छन् । त्यस्तै कार्यसमिति सदस्यहरूमा देवराज दंगाल र श्याम तिम्सिना चयन भएका छन् ।

**खेल समाचार**

# झापामा सर्वाधिक राशीको महिला फुटबल

**भद्रपुर/** झापाको चन्द्रगढीमा नेपालमै सर्वाधिक पुरस्कार राशीको महिला फुटबल प्रतियोगिता चन्द्रगढी महिला गोल्डकपक हुने भएको छ । यसअघि समेत झापाको दुधे रङ्गशालामा यसप्रकारको प्रतियोगिता भएको थियो । यस पटक २०८३ साल बैशाख ५ गतेदेखि १४ गतेसम्म भद्रपुरको मेची रंगशालामा महिला गोल्डकप हुन लागेको आयोजक चन्द्रगढी युवा क्लबले जानकारी दिएको छ । विजेताले महिला फुटबलको इतिहासमै सर्वाधिक ११ लाख रुपियाँ पुरस्कार रकम पाउने क्लबका अध्यक्ष रोहित सुब्बाले जानकारी दिए ।

प्रतियोगितामा उपविजेताले नगद पाँच लाख रुपियाँ पाउने छ । प्रतियोगिताको मुख्य प्रायोजक भद्रपुरकै ओम साई पाथिभरा हस्पिटल रहेको जानकारी गराइएको छ । त्यस्तै, उपविजेताको पुरस्कार रकम सजिलो नेटले उपलब्ध गराउने जनाइएको छ । प्रतियोगिताका प्लेयर अफ द म्याचले नगद ११ हजार रुपियाँ र ट्रफी प्राप्त गर्नेछन् । त्यस्तै, प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले ५० हजार रुपियाँ प्राप्त गर्नेछन् । विधागत उत्कृष्ट खेलाडीलाई जनही २५ हजार प्रदान गरिनेछ ।

प्रतियोगितामा आयोजकको तर्फबाट एक टिम रहने छ । त्यस्तै, नेपालका तीन विभागीय टिम त्रिभुवन आर्मी एफसी, नेपाल एपिएफ एफसी र नेपाल पुलिस क्लब तथा चर्च ब्वाइज युनाइटेड, संकटा फुटबल क्लबका महिला टिमको सहभागिता रहने पत्रकार सम्मेलनमा जानकारी दिइएको छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

***प्रमुख...*** ८ करोड रुपैयाँले घटी छ । यो पटक २० करोड उठाउन पनि समस्या देखिरहेको उनले बताए ।

***ओली...*** सुनिल पोखरेलको संयुक्त इजलासमा पेसी तोकिएको थियो । आज ओली र लेखकको तर्फबाट वकिलहरूले बहस गरेका थिए । बहस नसकिएपछि हेर्दाहेर्दैमा राखिएको सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले जानकारी दिए ।

***एसईई...*** र एक जनालाई सर्लाहीबाट नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको जनाएको छ । उनीहरूले परीक्षा केन्द्रबाट प्रश्नपत्र बाहिर पठाई डिजिटल माध्यमबाट उत्तर आदानप्रदान गरिरहेको पाइएको हो ।

राष्ट्रिय परीक्षा बोर्ड ले परीक्षा हलभित्र मोबाइललगायत विद्युतीय उपकरण लैजान कडाइका साथ प्रतिबन्ध लगाएको छ । परीक्षा नियन्त्रण कार्यालयका परीक्षा नियन्त्रक टुकराज अधिकारीले परीक्षा मर्यादित, व्यवस्थित र भयरहित वातावरणमा सञ्चालन गर्न सबै सरोकारवालालाई जिम्मेवार बन्न आग्रह गरेका छन् ।

यस वर्ष एसईई परीक्षामा पाँच लाख १२ हजार ४२१ विद्यार्थी सहभागी छन् भने देशभर १,९७० र जापानमा एक परीक्षा केन्द्र निर्धारण गरिएको छ । परीक्षा चैत २९ गतेसम्म सञ्चालन हुनेछ । लगातार देखिएका लापरवाहीका घटनाले परीक्षा प्रणाली सुधारको आवश्यकता औंल्याएको छ ।

***पक्राउ...*** दिन हिरासतमा राखेर अनुसन्धान गर्न काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले प्रहरीलाई अनुमति दिएका छन् । अमेरिकामा बस्ने एक युवतीले सामाजिक सञ्जालमार्फत जबरजस्ती करणीको आरोप लगाएपछि प्रहरीले उनलाई पक्राउ गरी अनुसन्धान अघि बढाएको हो ।

## पेट्रोलियम गाडीलाई विद्युतीयमा रुपान्तरण गर्ने नीतिगत निर्णय

**दमक/** सरकारले पुराना डिजेल तथा पेट्रोल गाडीलाई विद्युतीय सवारीमा रुपान्तरण गर्न पाउने नीतिगत निर्णय गरेको छ । पेट्रोलियम पदार्थको बढ्दो आयात र वातावरण प्रदूषण न्यूनीकरण गर्न सरकारले यस्तो निर्णय गरेको हो । आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले यसका लागि आवश्यक पर्ने कानुनी गाँठो फुकाउन र उचित प्रबन्ध मिलाउन सम्बद्ध निकायलाई निर्देशन दिने निर्णय गरेको हो । नेपाल सरकारका प्रवक्ता एवं शिक्षामन्त्री सस्मित पोखरेलले मन्त्रिपरिषद् बैठकले वातावरण संरक्षण र इन्धन खपत कम गर्ने उद्देश्यले यो निर्णय गरेको बताए। डिजेल तथा पेट्रोल गाडीलाई विद्युतीय गाडीमा परिवर्तन गर्नका लागि आवश्यक कानुनी व्यवस्था मिलाउने निर्णय भएको छ', प्रवक्ता पोखरेलले भने, 'यसले एकातिर इन्धनको परनिर्भरता घटाउनेछ भने अर्कोतिर नेपालको नवीकरणीय ऊर्जाको खपत बढाउन मद्दत गर्नेछ ।'

अहिलेसम्म पुराना इन्धनयुक्त सवारी साधनलाई विद्युतीयमा परिवर्तन गर्दा दर्ता, नवीकरण र प्राविधिक मापदण्डका विषयमा स्पष्ट कानूनी व्यवस्था थिएन ।

***एकसय...*** हिमालयन एयरलाइन्समार्फत शनिबार बिहान यूएईबाट १ सय ६३ यात्रु आएको जानकारी दिए । नेपाल आउन खोजेका र यसअघि नै टिकट बुक गरिसकेकाहरुलाई सेवा प्रदायकहरूले प्राथमिकता दिएका हुन् ।

नेपाली महावाणिज्य दूतावास दुबईका अधिकारीहरूले पनि असुरक्षित छौं भनि नाम टिपाएका, बिरामी र अशक्तहरुलाई प्राथमिकता दिइएको जनाएका छन् । पश्चिम एसिया तनावका कारण हाल विमान कम्पनीहरूले खाडी मुलुकहरुमा नियमित उडान गर्न सकेका छैनन् ।

***किसान...*** कृषि, सूचना तथा प्रशिक्षण केन्द्रले किसानलाई सम्बन्धित पालिकामा आफ्नो नाम दर्ता गराउन आग्रह गरेको छ । किसानको जमिनको विवरण, आम्दानीको अवस्था, खेती उत्पादन अनुसार निर्वाहमुखी किसान, साना किसान, मझौला किसान र ठूला किसान गरी चार प्रकारमा वर्गीकरण गरिएको केन्द्रका अधिकृत सञ्जीव पण्डितले जानकारी दिएका छन् ।

पत्रिका किनेर पढौं

## अर्जुनधारा प्रेस क्लबको अध्यक्षमा पुनः समदर्शी

शनिश्चरे । अर्जुनधारा प्रेस क्लबको अध्यक्षमा पुनः रमेश समदर्शी राई चयन भएका छन् । शनिवार भएको दोस्रो अधिवेशनले समदर्शीसहितको कार्यसमितिलाई तीन वर्षका लागि सर्वसम्मत चयन गरेको हो ।

क्लबको उपाध्यक्षमा प्रेम आचार्य पुनः चयन भए भने सचिवमा केशव भण्डारी, सहसचिवमा होम अधिकारी र कोषाध्यक्षमा लिला राई चयन भएका छन् ।

यसैगरी, विष्णु श्रेष्ठ, नन्दलाल खतिवडा, रञ्जिता खड्का, चर्तुभुज काफ्ले, योगेश दाहाल र विमला प्रधान सदस्यमा चयन भएका छन् ।



# आमा डेन्टल केयर प्रा. लि.

दमक-६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर : 023-572643/9814912500
दमक–१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बरः 023-577816





हाम्रा उपलब्ध डाक्टरहरु

| | |
|---|---|
| १. डा. प्रनेस श्रेष्ठ | (MDS- Orthodontist) |
| २. डा. सुस्मिता नेपाल | (BDS- Dental Surgeon) |
| ३. डा. मीरा आचार्य | (BDS- Dental Surgeon) |
| ४ डा. साहिद अलि | (MDS- Maxillofacial Surgeon) |

नोट : हप्ताको सातै दिन दन्त उपचार सेवा उपलब्ध छ ।





# आवश्यकता

यस लाईफ लाईन अस्पताल प्रा.लि. दमक-५, झापाको प्राङ्गणमा रहेको चमेनागृह संचालन गर्नको लागी ईच्छुक व्यक्ति/फर्म तथा संस्थाहरुले तपशिलमा उल्लेख कागजात सहित मिति २०८२ चैत्र मसान्त भित्र अस्पतालको प्रशासन शाखामा निवेदन दिनु हुन अनुरोध गरिन्छ ।

तपशिल संलग्न गर्नुपर्ने कागजातहरु
१. व्यक्ति/फर्म वा संस्थाको स्थायी लेखा नम्बर ।
२. व्यक्ति/फर्म वा संस्थाको नागरिकता, दर्ता कागजातहरु
३. क्यान्टिन प्रयोग गरे वापत व्यक्ति/फर्म वा संस्थाले कबुल गरेको मासिक भाडा दर रकम खुलाउनु पर्नेछ ।

लाईफ लाईन अस्पताल प्रा.लि.
दमक-५, (झापा)





ठूलो ट्याङ्कीमा
कम्प्रेसर प्रविधियुक्त

# झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०





कोशी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय

# प्रादेशिक आयुर्वेद अस्पताल

लखनपुर, झापाको

## सेवा करारमा लिने सम्बन्धी सूचना

*सूचना नं: ०१/०८२/८३*     *प्रथम पटक प्रकाशित मिति: २०८२/१२/२२*

प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर झापाको लागि आवश्यक पर्ने तपसील बमोजिमका पदहरुमा "स्वास्थ्यकर्मी करार सेवा सम्बन्धी कार्यविधि २०७९" अनुसार लिखित र अन्तर्वार्ता परीक्षाको माध्यमद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र २०८३/०१/०६ गते सम्म कार्यालय समयमा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसील

| विज्ञापन नं | पद | तह | सेवा/समुह/उपसमुह | पद संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १/०८२/८३ | रेडियोग्राफर | पाँचौ | प्रदेश स्वास्थ्य/रेडियोग्राफी | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफी विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित व्यवसायी परिषद् मा नाम दर्ता तथा नवीकरण भएको । |
| २/०८२/८३ | स्टाफ नर्स | पाँचौ | प्रदेश स्वास्थ्य/ नर्सिङ/जनरल नर्सिङ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी नेपाल नर्सिङ्ग परिषद्मा नाम दर्ता तथा नवीकरण भएको। |
| ३/०८२/८३ | वैद्य | चौथो | प्रदेश स्वास्थ्य/आयुर्वेद | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एसएलसी/एसईई पश्चात् सहायक आयुर्वेद स्वास्थ्य कार्यकर्ता ( AAHW) कोर्ष उत्तीर्ण गरी आयुर्वेद चिकित्सा परिषद , नेपालमा नाम दर्ता तथा नवीकरण भएको। |
| ४/०८२/८३ | अभ्यंगकर्ता (पुरुष) | श्रेणी विहिन | - | १ | कम्तिमा ८ कक्षा उत्तीर्ण गरी सम्बन्धित ३ महिनाको तालिम प्राप्त गरेको। |

योग्यता :
१) नेपाली नागरिक हुनुपर्ने छ ।
२) उमेरको हद: दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।
३) उमेद्वार छनौट प्रक्रिया: लिखित, अन्तरवार्ता तथा अन्य पक्षको मुल्याङ्कनको आधारमा ।
४) परीक्षा दस्तुर: सहायक पाचौ तहको हकमा रू ७००/- र सहायक चौथो तहको हकमा रु ५००/- तथा श्रेणिविहिनको हकमा रु ३००/- (यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंकमा रहेको राजश्व खाता नं-१०००१००२०१०१०००१, राजश्व शिर्षक नं: २४२२४, कार्यालयको कोड नं- ३७००३१२०२१ मा जम्मा गरेको सक्कल भौचर समावेश गर्नुपर्नेछ।)
५) दरखास्त दिने मिति: २०८२/१२/२२ देखि २०८३/०१/०६ गतेसम्म ।
६) दरखास्त फारम साथ पेश गर्नुपर्ने कागजातहरु : आवेदक स्वयमले प्रमाणित गरेको न्यूनतम शैक्षिक योग्यता, तालिम, कार्यानुभव तथा स्थानीयता खुल्ने प्रमाणपत्र, नारिकताको प्रमाणपत्र, लोपोन्मुख सिमान्तकृत, अति सिमान्तकृत दलित जाति भएमा सो जनाउने प्रमाणपत्र, सम्बन्धित काउन्सिलको प्रमाणपत्रहरुको प्रतिलिपि संलग्न गर्नुपर्ने छ। नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यताको हकमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि ।
७) पाठ्यक्रम : लोकसेवाले निर्धारण गरेको सम्बन्धित पदको पाठ्यक्रमा सेवा सम्बन्धि कार्यज्ञान विषयमा उल्लेख भए अनुसार ।
८) परीक्षाको मिति समय र स्थान: दरखास्त दिने अन्तिम दिनको भोलि पल्ट कार्यालयमा सुचना प्रकाशन गरिने छ।
९) दरखास्त फारम उपलब्ध हुने स्थान: प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुर, झापा ।
१०) दरखास्त बुझाउने स्थान: प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुर, झापा ।
११) सेवा सुबिधा : प्रदेश सरकारले सम्बन्धित पदको लागि तोकेको न्यूनतम तलब स्केल तथा स्वीकृत कार्यक्रम अनुसार ।
१२) कामको विवरण : तोकिए बमोजिम ।
१३) थप जानकारीको लागि सम्पर्क नं. : ९८५२६५०१६५

*द्रष्टव्य : दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा बिदा पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिने छ ।*

डा. रविन्द्र निरौला
संयोजक
(छनौट तथा सिफारिस समिति)

प्रधान सम्पादक/प्रकाशकः गञ्जबहादुर दाहाल, कार्यालयः दमक-५, झापा, फोनः ०२३-५८०२७२, प्रबन्धकः सुवासचन्द्र भट्टराई, मुद्रणः ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादकः खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउटः सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल